# मूल्याङ्कनको सम्बन्धमा अभिभावकहरूका लागि दिग्दर्शन

## TEACHING STRATEGIES GOLD (TS Gold)

मूल्याङ्कनहरूले विद्यार्थी, बुवा-आमा र शिक्षकहरूलाई विद्यार्थीहरूले 21 औं शताब्दीका तयार गरिएको ग्रेड स्तर र विषयसूचीका मानकहरूमा दक्षता हासिल गरेका छन् कि छैनन् र उनीहरू ग्रेजुएट गर्ने बाटोमा छन् कि छैनन् भन्ने मूल्यवान् जानकारी उपलब्ध गराउँछ। यी मूल्याङ्कनका नतिजाहरूले तपाईंको बच्चाको शैक्षिक प्रगतिका प्रमाणहरूको समूहबाट एउटा मापन प्रदान गर्नेछ भन्ने मनसाय राखिन्छ ।

## यो मूल्याङ्कन भनेको के हो ?

Teaching Strategies (TS) Gold प्रिस्कूल र किन्डरगार्टनका विद्यार्थीहरूको चालू निगरानीमा आधारित एउटा मूल्याङ्कन हो । शिक्षकहरूले विद्यार्थीहरूको दैनिक जीवनका अनुभवहरूका सम्बन्धमा उनीहरूलाई निरीक्षण गर्छन् ताकी सिकाइ तथा विकासका 6 क्षेत्रहरूमा उनीहरूलाई के आउँछ, उनीहरूले के गर्न सक्छन्, उनीहरूका बलिया पक्षहरू, आवश्यकताहरू र रुचिहरू निर्धारण गर्न सकियोस्: सामाजिक भावनात्मक, शारीरिक, भाषा, संज्ञानात्मक, साक्षरता र गणित (लागू भएको अवस्थामा अङ्ग्रेजी भाषाको प्राप्ति) । TS Gold ले प्रारम्भिक तयारीको मूल्याङ्कनसम्बन्धी राज्यको मापदण्ड पूरा गर्छ ।

## मेरो बच्चालाई कहिले जाँच गरिन्छ ?

प्रत्येक प्रिस्कूलका विद्यार्थीहरूलाई चालू आधारमा निगरानी गरिनेछ र राज्यले तोकेको समय सीमा भित्र बच्चाका शिक्षकले सङ्कलन गरेको तथ्याङ्कलाई हरेक वर्ष 3 पटक अन्तिम रूप दिइन्छ । किन्डरगार्टनका विद्यार्थीहरूलाई विद्यालयका सुरुका 60 दिनका दौरान चालू आधारमा निगरानी गरिन्छ र राज्यको पहिलो जाँच विन्दुमा तथ्याङ्कलाई अन्तिम रूप दिइन्छ । विद्यालयहरूले उनीहरू उक्त वर्षको बाँकी अवधिभर प्रगति निगरानीका लागि TS Gold को प्रयोगलाई निरन्तरता दिन चाहन्छन् कि चाहँदैनन् भनेर निर्धारण गर्न सक्छन् । यो निगरानीमा आधारित मोडेल भएकाले यो मूल्याङ्कन सञ्चालन गर्न शिक्षण समय प्रयोग हुँदैन ।

**जाँच विन्दुको समय सीमा**
अक्टोबर
जनवरी
मे

## मेरो बच्चाले कस्तो अङ्क प्राप्त गर्ने छन् ?

मूल्याङ्कनहरू नतिजाहरूले तपाईंका बच्चाले प्रत्येक मानक भित्रका अवधारणाहरू र सीपहरू कतिको राम्रोसँग सिकिरहेका छन् भन्ने कुराको महत्त्वपूर्ण मापन प्रदान गर्छ ताकी तपाईंका बच्चा आफ्नो वर्तमान ग्रेडमा सफल बन्न र वर्षै पिच्छे शैक्षिक प्रगति गरिरहन सकुन् ।

TS Gold मा, तपाईंको बच्चाको विकास र सिकाइको निश्चित प्रगतिको स्तरका लागि एउटा मान तोक्न मूल्याङ्कन स्केल प्रयोग गरिन्छ । यसले बच्चालाई आफ्नो निश्चित उमेर वा कक्षा/ग्रेडका खोजमा आधारित अपेक्षाहरू भन्दा कम गर्ने, अपेक्षाहरू पूरा गर्ने, वा अपेक्षाहरू भन्दा ज्यादा गर्ने दायरा भित्र राख्न सहयोग गर्छ ।

## यी अङ्कहरू कसरी प्रयोग गरिनेछ ?

TS Gold मूल्याङ्कनका अङ्कहरू तपाईंको बच्चालाई के आउँछ वा के गर्न सक्छन्, र यी कुराहरू विकास र सिकाइका उदेश्यहरूसँग कसरी सम्बन्धित छन् भन्ने कुरा निर्धारण गर्न तपाईंको बच्चाका शिक्षकद्वारा प्रयोग गरिन्छ । शिक्षकहरूले मूल्याङ्कनबाट प्राप्त जानकारी तपाईंको बच्चाको सिकाइलाई बढाउन र प्रगति जाँच गर्न पनि प्रयोग गर्न सक्छन् । अभिभावक-शिक्षक सम्मेलनहरूका दौरान तपाईंको बच्चाको अङ्क तपाईंलाई प्रदान गरिन्छ । प्रारम्भिक शिक्षा केन्द्रहरूले विद्यालय कार्यसम्पादन संरचनाको जबाफदेहिताको मापनको हिस्साको रूपमा प्रिस्कूलको TS Gold अङ्क प्रयोग गर्छन् ।

## ? अतिरिक्त जानकारी:

हामी तपाईंलाई आफ्नो बच्चाको शिक्षामा संलग्न हुन प्रोत्साहित गर्छौं । कृपया तपाईंले आफ्नो बच्चालाई घरमा र जाँचको बन्दोबस्तीको उपलब्धतामा कसरी सहयोग गर्न सक्नु हुन्छ भन्ने कुराको जानकारी लिन आफ्नो विद्यार्थीका शिक्षकलाई सम्पर्क गर्न संकोच नमान्नुहोस् ।

**थप सूचना: मूल्याङ्कनहरू**
निम्न वेबसाइट भ्रमण गर्नुहोस्:

- http://assessments.dpsk12.org

तपाईंसँग मूल्याङ्कनको सम्बन्धमा कुनै पनि प्रश्न वा सरोकारहरू छन् भने कृपया सिधैँ आफ्नो बच्चाको विद्यालयमा सम्पर्क गर्नुहोस् वा Family Constituency Services लाई (720) 423-3054 मा फोन गर्नुहोस् ।